Embassy of Nepal, Abu Dhabi
سفارة نيبال. أبوظبي

Ref الإشارة

# राहदानी तथा कन्सुलर सेवा सम्बन्धी अत्यन्त जरुरी सूचना ।

विगत केही समयदेखि राहदानी नवीकरणका लागि आउने सेवाग्राहीको चाप अत्यधिक रुपमा बढेको हुँदा सेवाग्राहीहरुको हितलाई ध्यानमा राखी दूतावासले राहदानी आवेदन फारामको संख्या बढाएको सम्बन्धित सबैमा सूचित गरिन्छ।

बढ्दो राहदानी आवेदनसँगै दूतावासमा कार्यचाप र सेवाग्राहीको उपस्थिति पनि बढ्दै जाने हुँदा सेवाग्राहीहरुको हितलाई ध्यानमा राखी राहदानी, कन्सुलर र मागपत्र प्रमाणीकरण कार्यलाई थप व्यवस्थित बनाउँदै सरल र सहज किसिमले सेवा प्रवाह गर्ने उद्देश्यस्वरुप **आगामी २०८१ असोज १५ (तदनुसार अक्टोबर ०१, २०२४) देखि** आवेदन बुझ्ने समय देहाय अनुसार निर्धारण गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

देहायः

१. राहदानी नवीकरण सम्बन्धी फाराम संकलन , कागजात प्रमाणीकरण (Attestation), जन्म दर्ता, भिषा लगायत कन्सुलर सेवासँग सम्बन्धित कार्यहरु र मागपत्र प्रमाणीकरण सम्बन्धी सम्पूर्ण कार्यहरुको फाराम संकलनः

**कः प्रत्येक सोमबारदेखि बिहीबार, विहान ९:०० बजेदेखि १२:३० बजेसम्म**
**खः प्रत्येक शुक्रबार : बिहान ९:०० बजेदेखि १२:०० बजेसम्म**

२. **अधिकृत वारेसनामाको निवेदन पेश गर्नेः**
**कः प्रत्येक मंगलबार र शुक्रबार मात्र (बिहान ९:०० बजेदेखि १२:०० बजेसम्म**

***नोटः शनिबार, आइतबार तथा सार्वजनिक बिदाको दिन राजदूतावास बन्द रहनेछ। सार्वजनिक बिदाको हकमा राजदूतावासले बिदा सम्बन्धी सूचना जारी गर्नेछ।)***

३. राहदानी र कन्सुलर सेवासँग सम्बन्धित निवेदनहरुको Processing and Documentation कार्यहरु सम्पादन गर्न प्रकृयागत रुपमा फाराम बुझेपछि पनि लामो समय लाग्ने र दूतावासका अन्य काम कारबाहीहरु पनि प्राथमिकताकासाथ सम्पादन गर्नुपर्ने भएकोले तोकिएको समयभन्दा पछि आउने सेवाग्राहीको निवेदन/दरखास्त फाराम Processing गरिने छैन।

४. राहदानी नवीकरणका लागि Live Enrollment गर्न आउँदा जुन मितिको Appointment हो सोही मितिमा मात्र आउनु पर्नेछ। तोकिएको मिति बाहेक फरक मितिमा राहदानी नवीकरणका लागि आउने सेवाग्राहीको निवेदन स्वीकृत नहुने व्यहोरा जानकारी गराईन्छ।

**नेपाली राजदूतावास, अबुधाबी।**
**३० सेप्टेम्बर २०२४**

P.O. Box: 38282-Abu Dhabi, United Arab Emirates, Tel.: 02-6344767/6344385, Fax : 02-6344469